# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल

आ.व.(F.Y.):२०८०/८१(प्रशासन शाखा)

च.नं.(Ref.No

करारमा पदपूर्ति गर्ने सम्वन्धि सुचना

(सुचना प्रकाशित मिति २०८०/०५/०८)

प्रस्तुत विषयमा यस रतुवामाई नगरपालिका, सिजुवा, मोरंगको २०८०/०५/०७ गतेको निर्णयानुसार नगर अस्पताल झुर्कियाको लागि तपसिल बमोजिम जनशक्ति करार सेवामा छनौट गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकले यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समय भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सवैको लागि यो सुचना प्रकाशन गरिएको छ। दरखास्त फारम कार्यालयको प्रशासन शाखा बाट उपलब्ध हुनेछ।

तपसिल

| विज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर | परीक्षाको किसिम | न्युनतम शैक्षिक योग्यता | पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०८०/०८१/०१ | मे.सु. (M.D.G.P.) | ९ | १ | १०००।- | लिखित/अन्तर्वार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातकोत्तर (MDGP) उपाधि प्राप्त गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | नेपाल सरकारले सम्न्धित तहको लागि तोके बमोजिम | |
| ०८०/०८१/०२ | मेडिकल अधिकृत (M.B.B.S.) | ८ | १ | १०००।- | लिखित/अन्तर्वार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. उतिर्ण गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | नेपाल सरकारले सम्न्धित तहको लागि तोके बमोजिम | |

१.परीक्षाको किसिमः लिखित/अन्तर्वार्ता (सर्ट लिष्टमा छनौट भएकाहरुलाई मात्र लिखित/अन्तर्वार्तामा समावेश गराईनेछ ।

२. सर्ट लिष्टको आधार : कार्य अनुभव, शैक्षिक योग्यता र स्थानीयता।

३. निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु : उमेद्धारको व्यक्तिगत विवरण, शैक्षिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि, नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि। सवै प्रमाणपत्रहरु उम्मेद्धार स्वंयले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनुपर्नेछ।

४. भिडियो एक्सरे सम्वन्धि दक्षता र अनुभव भएका लाई विशेष प्रथामिकता दिईने छ।

५. उमेरको हद : दरखास्त दिने अन्तिम मिति सम्म २१ बर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

६. आवेदन बुझाउने स्थान : रतुवामाई नगरपालिकाको कार्यालय, सिजुवा, मोरंगमा पेश गर्न सकिनेछ।

७. परिक्षा हुने केन्द्र र मिति : रतुवामाई नगरपालिकाको कार्यालय, सिजुवा, मोरंग र परिक्षा मिति पछी प्रकाशन गरिनेछ।

८. अन्य : क) कर्मचारीको छनौट सम्वन्धि सम्पूर्ण अधिकार रतुवामाई नगरपालिकाको कार्यालयमा रहनेछ।

ख) सम्वन्धित क्षेत्रमा अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिईनेछ।

ग) थप सेवा सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ।

घ) थप जानकारीको लागि नगरपालिकाको सम्पर्क नं. ०२१- ४१४०५७ मा सम्पर्क गर्न सक्नु हुनेछ वा नगरपालिकाको वेवसाईट www.ratuwamaimun.gov.np द्धारा समेत बुझ्न सक्नु हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत
रतुवामाई नगरपालिका